नगरपालिकाको कार्यविधि संख्याः २४

# बर्दघाट नगरपालिका

## “बर्दघाट नगरपालिकाको बालमैत्री स्थानीय शासनको प्रतिवेदन, २०७६”

**नवलपरासी जिल्ला (बर्दघाट-सुस्ता पश्चिम)**
**५ नं. प्रदेश, नेपाल**

## १.पृष्ठभूमि :

स्थानीय स्वायत्त शासन पद्दतिको संस्थागत विकास प्रक्रियाको सुदृढीकरण गर्ने सन्दर्भमा राज्यले विभिन्न प्रयासहरु गरिरहेको छ । राज्यद्वारा तर्जुमा गरिएका हालसम्मका संविधानहरु, ऐन, नियम, नीति तथा योजनाहरुमा बालबालिका सम्बन्धी भएको व्यवस्था र नेपालको तर्फबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा व्यक्त गरिएका प्रतिबद्धताहरु पुरा गर्ने अभिभारा नेपालको संघीय संविधानले स्थानीय तहलाई दिएको छ । नेपालको संविधानको भाग २ धारा १२ मा नागरिकता सम्बन्धी व्यवस्था, भाग ३ मा मौलिक हक अन्तर्गत धारा २० मा न्याय सम्बन्धी व्यवस्था, धारा २१ मा अपराध पीडितको हक, धारा २९ मा शोषण विरुद्धको हक, धारा ३१ मा शिक्षा सम्बन्धी हक, धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरेको छ ।

बालबालिकाको सन्दर्भमा संविधानको सबैभन्दा महत्वपूर्ण धारा ३९ हो । प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुने, प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुने, प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने, कल कारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने, बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने ,सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने, बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने, असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने प्रावधान समावेश गरिएको छ ।

त्यसैगरी नेपालको संविधानको भाग ३ को धारा ४८ मा नागरिकको कर्तब्य तथा धारा ५६ मा राज्यको संरचनामा बालबालिकाका बारेमा विशेष व्यवस्था गरेको छ । नेपालको संविधानको भाग १७ धारा २१४ मा उल्लिखित स्थानीय तहको कार्यकारिणी अधिकार अन्तर्गत गरिएका व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा १२ को ग (१९) मा वडा समितिको काम कर्तब्य र अधिकार अन्तर्गत वडालाई बालमैत्री बनाउने भन्ने व्यवस्था गरेको र सो को अधिनमा रही बर्दघाट नगरपालिकाले आ.व. ०७५/७६ को नीति तथा कार्यक्रममा नगरलाई बालमैत्री बनाउने प्रतिबद्धता व्यक्त गरे अनुसार बालमैत्री सूचकहरु पुरा गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिरहेको सन्दर्भमा त्यसलाई प्रभावकारी ढंगबाट अघि बढाउन मिति : २०७६।१०।१७ र १८ गते तानसेनस्थित होटल दि ह्वाइटलेकमा अन्तर विश्लेषण तथा योजना तर्जुमा गोष्ठीको आयोजना गरिएको थियो । नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, नगर कार्यपालिकाका सदस्यज्यूहरु तथा विषयतग शाखाका प्रमुख एवं प्रतिनिधिहरु गरी ५० जनाको सहभागिता रहेको कार्यशाला गोष्ठीको प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## २) रणनीति पत्र तयारीको उद्देश्य :

क) बालमैत्री स्थानीय शासनको अवधारणा, सूचक तथा चरणहरुको बारेमा जानकारी आदानप्रदान गर्ने,
ख) बालमैत्री स्थानीय शासनको क्षेत्रमा हालसम्म भएका कार्यहरुको समिक्षा गर्ने,
ग) बालमैत्री स्थानीय शासनका क्षेत्रमा गर्नु पर्ने बांकी कामहरु पहिचान गर्ने,
घ) बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनको लागि योजना निर्माण गर्ने तथा
ङ) बालमैत्री स्थानीय शासन नगर समिति गठन गर्ने ।

## ३) कार्यतालिका

| विषय बस्तु | समय | सहजीकरण |
|---|---|---|
| प्रारम्भिक सेसन | १२.००-१२.३० | शालिकराम पोखरेल |
| बालमैत्री स्थानीय शासनको अवधारणा, बालबालिकाको लागि लगानी<br><br>सूचक तथा चरणहरु | १२.३०-२.००<br><br>२.००-३.३० | शालिकराम पाण्डे<br><br>शालिकराम पोखरेल |
| बालमैत्री स्थानिय शासनको क्षेत्रमा हालसम्म भएका कामहरुको प्रस्तुतिकरण | ३.३०-४.०० | पुश्कर काफ्ले |
| बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन विश्लेषण तथा प्रस्तुतिकरण | ४.००-५.३० | शालिकराम पोखरेल |
| विषय बस्तु | समय | सहजीकरण |
| बालमैत्री स्थानीय शासनको क्षेत्रमा गर्नुपर्ने कामहरुको पहिचान (Gap Analysis) | ८.००-९.३० | शालिकराम पाण्डे |
| रणनीतिक योजना तर्जुमा(समूह कार्य) तथा प्रस्तुतिकरण | ९.३०-११.०० | शालिकराम पोखरेल |
| बालमैत्री स्थानीय शासन नगर समिति गठन तथा समापन कार्यक्रम | ११.०० -११.३० | शालिकराम पोखरेल |

## ४) बालमैत्री स्थानीय शासन अभिमुखीकरणका मुख्य विषयहरु :

### क) बालमैत्री स्थानीय शासन भन्नाले ..........

बाल बचाउ, बाल संरक्षण, बाल विकास र सार्थक बाल सहभागिता जस्ता बालअधिकारका सवालहरुलाई स्थानीय स्तरको नीति, योजना, संरचना, प्रणाली र कार्यप्रक्रियामा स्थानीयस्तरमा संस्थागत गर्ने पद्धतिलाई हो ।

### ख) बालमैत्री स्थानिय शासन किन ?

- स्थानीय निकायहरुलाई वालमैत्री स्थानीय सरकारको अवधारणा लागु गर्न दिशानिर्देश गर्ने ।
- स्थानीय स्तरको सेवा प्रवाहमा सलग्न सरकारी तथा गैर सरकारी सघ संस्थाहरुलाई वालमैत्री स्थानीय सरकारको अवधारणा अनुरुप समन्वयात्मक ढंगले कार्य गर्न सघाउने ।
- (बाल अधिकार सम्वन्धी अन्तराष्टिय महासन्धीमा प्रतिवद्धता व्यक्त गरिरएको वुदाहरु लाई स्थानीयकरण गरी कार्यान्वयनको तहमा पुर्याउन सघाउने ।
- बालअधिकार सम्वन्धी सेवा प्रवाहका न्यूनतम सूचक प्राप्तिको लागि सहयोग गर्ने ।
- समग्र शासकीय प्रक्रियामा वालवालिकाका सवालहरुलाई आवद्ध गरी स्थानीय निकायहरुलाई शुसासन तर्फ अभिप्रेरित गर्न सघाउने ।

### ग) बालमैत्री स्थानीय शासनका रणनीतिहरुः

मूलप्रवाहीकरण, नीतिगत वकालत, पैरवी र सचेतना, संस्थागत विकास, क्षमता विकास, सहकार्य र साझेदारी प्रवर्द्धन, सामुदायिक परिचालन, सामाजिक जवाफदेही र पारदर्शिता, सामाजिक समावेशीकरण, सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन तथा अनुगमन र मूल्यांकन ।

**घ) बालमैत्री स्थानीय शासनका प्रतिफलहरु :**

- ➢ बालबालिका सम्बन्धी स्थानीय विकास योजना ।
- ➢ बालबालिका सम्बन्धी स्थानीय लगानी योजना ।
- ➢ बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिहरु तर्जुमा एवं परिमार्जन ।
- ➢ बालबालिकाको स्थितिपत्र तयारी एवं प्रकाशन ।

**ङ) बालमैत्री कार्यक्रमले के गर्छ ?...............**

- हालसम्मका असंगठित प्रयासहरु संगठित हुनेछन् ।
- बालबालिकासम्वन्धी सूचना प्रणालीको व्यवस्थित विकास हुनेछ ।
- नयां ढंगवाट सोच्ने र कार्यगर्ने वातावरण वन्नेछ ।
- बाल अधिकारवारे चासो वढ्नेछ र अधिकार उलंघनका घटना कम हुनेछन् ।
- बालबालिकाको सम्मानजनक र अर्थपुर्ण सहभागिताले स्थान पाउने छ ।
- सवै बालबालिकाको समग्र विकासमा समाज एकसाथ क्रियाशिल हुने वातावरण वन्दै जानेछ ।
- सवै निर्णय प्रक्रियामा बालबालिकालाई केन्द्रमा राखिनेछ र कुनै पनि निर्णय गर्दा एक पटक बालबालिकालाई यसले के प्रभाव पार्छ भन्ने सोचिनेछ ।

**च) बालमैत्री नगरपालिका, वडा भनेको के हो ?.............**

- सवै विकास गतिविधिमा बालबालिकालाई फाइदा पुर्‍याउने वारेमा सवैको सोचहरु केन्द्रित भएको ।
- बालबालिकाको वौद्धिक, मानसिक, शारिरिक र संवेगात्मक विकासलाई सहयोग पुर्‍याउने प्रकारका क्रियाकलापहरु सघनरुपमा संचालन भएको ।
- बालबालिकाको भावनालाई कदर गरि उनिहरुको उन्नति र प्रगतिका लागि विषेश कार्यक्रम संचालन भएको ।
- बालबालिकाको अवस्था झल्कने तथ्याङ्क उपलब्ध भएको ।
- बालअधिकारको उपभोग सुनिश्चित भएको गा.पा.वडा ।
- बालबालिकाहरुलाई विभिन्न बालविकासमा सहयोगीहुने क्रियाकलापमा संलग्न गराउने वातावरण तयार पारिएको गा.पा.वडा ।
- बालविकासकोलागि आवधिक बालविकास योजना निर्माण गरि कार्यान्वयन गरिएको गा.पा.वडा ।

**छ) बाल मैत्री न.पा.तथा वडा लागि न्यूनतम सुचकहरु :**

- ▪ बालबालिकाका सवाललाई सम्बोधन गर्ने नीति, रणनीति र कार्य योजनाको तर्जुमा
- ▪ सार्वजनिक सांगठनिक संरचनामा बाल मैत्री इकाईको संस्थागत व्यवस्था
- ▪ बालमैत्री आवधिक र बार्षिक योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वायन
- ▪ बालबालिकाको हित प्रवर्द्धन गर्ने कार्यक्रममा उपयुक्त लगानी गर्ने व्यवस्था (Business Plan)
- ▪ बालबालिका प्रति “नागरिक” सरहको व्यवहार

- बालबालिकाको निर्णय र योजना प्रक्रियामा अर्थपूर्ण सहभागिता (Meaningful Participation)
- बालबालिकाको वस्तुगत विश्लेषण (Child Profile) को तयारी
- बालबालिकाको स्थिति पत्र (State of Children) तयारी र सार्वजनिकरण
- विभिन्न तहमा बाल मैत्री विकासको संजाल (Networking) र संयन्त्र निर्माण
- बाल क्लबको संस्थागत विकास र बाल मैत्री समुदाय (Child friendly Community) निर्माण
- बाल सरोकारका विषयलाई समग्र विकास प्रक्रियामा आन्तरिकीकरण र एकीकरण

## ज) बालमैत्री स्थानीय शासनका मुख्य सूचकहरु :

*(बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि–२०६८)*
*(नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत मिति २०६८।०३।२१)*
*(सेवा प्रवाहसम्बन्धी सूचकहरु (२७ वटा तथा संस्थागत सूचकहरु १२ वटा गरी जम्मा ३९ वटा सूचक)*

**१) बाल बचाउ सम्बन्धी सूचकहरु :(१० वटा) न.पा.बाट २ थप भएको ।**

- ६ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको (आमाको दूध मात्रै खुवाउने) हुनुपर्ने,
- १ वर्षभित्रका बालबालिकाले पूर्ण रुपमा खोप - बि. सि. जि. ,डिपिटी, हेपटाइटिस बि, हिब ३, पोलियो, दादुरा, मात्रा) पाएको हुनुपर्ने ।
- ६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाएको हुनुपर्ने ।
- गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको हुनुपर्ने,
- गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ४ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने,
- गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको हुनुपर्ने,
- एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरुले ARV Prophylaxis पाएका हुनेछन् ।
- गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनुपर्ने ।
- सबै घरधुरीमा स्वच्छ खानेपानीको सुविधा हुनु पर्ने ।
- सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुनुपर्ने (चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिसा धोए पछि) ।
- थप भएको :
- तौल लिएका बालबालिकाहरुको प्रतिशत ८० पुगेको हुनेछ ।
- आयोडिन खाने घरपरिवारको संख्या शतप्रतिशत पुगेको हुनेछ ।

**(२) बाल संरक्षण सम्बन्धी सूचकहरु (५ वटा)**

- ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनुपर्ने,
- बाल विवाहको संख्यामा कमी आएको हुनेछ,
- निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनुपर्ने,

- घरपरिवार र समुदायवाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्न पहल भएको हुनुपर्ने,
- बाल संरक्षण सम्वन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली सक्रिय भएको हुनुपर्ने ।

**(३) बाल विकास सम्बन्धी सूचकहरु :(६ वटा)**

- ३ देखि ४ वर्ष उमेर पुगेका बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका ।
- ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेको
- कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका सत्प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका ।
- विद्यालय जान नपाएका वालवालीकाहरुले अनौपचारिक शिक्षा प्राप्त गरेको ।
- प्रत्येक विद्यालयमा छात्र छात्रा को लागि अलग अलग शौचालयको व्यवस्था भएको ।
- प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको ।

**(४)बाल सहभागिता सम्बन्धी सूचकहरु (६ वटा)**

- स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराएको हुनुपर्ने, ।
- स्थानीय निकायले संचालन गर्ने योजनामा बालबालिकाको आवाज समेटिएको हुनुपर्ने,
- विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरवाट बालवालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनुपर्ने ।
- स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व भएको हुनुपर्ने ।
- हरेक गाँउपालिका तथा नगरपालिकास्तरमा सञ्जालहरु तयार भएको हुनेछ ।
- वडातहमा बाल समूह गठन भै क्रियाशील रहेको हुनेछ ।

**(५) संस्थागत सूचकहरु :**

१) स्थानीय तहको परिषद् बैठक नियमित रुपमा संचालन भएको हुनेछ ।
२) स्थानीय तहले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् ।
३) स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ ।
४) स्थानीय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन् ।
५) स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन् ।
६) स्थानीयस्तरमा बालविकास केन्द्र, बालकक्षा तथा पूर्व प्राथमिक कक्षाहरु संचालन भएका हुनेछन् ।
७) स्थानीयस्तरमा बालक्लवहरुको सक्रियता रहनेछ ।
८) स्थानीयस्तरमा बालअधिकार समितिहरु बालअधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहनेछन् ।
९) स्थानीयस्तरमा बाल संजाल विकास भएको र जिल्लास्तरसम्म उनीहरुको प्रतिनिधित्व रहनेछ ।
१०) बालबालिकाका लागि स्थानीय विकास र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ ।
११) जिल्ला, नगर तथा गाँउ विकास योजनामा बालबालिकाकासंग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ ।
१२) बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।

## झ) बालमैत्री स्थानीय शासन : अवलम्बन विधि/प्रक्रिया :

(१) बालमैत्री स्थानीय शासनको अवधारणाको अभिमुखीकरण, विकास तथा विस्तार ।
(२) बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि जिल्ला, नगर तथा गाउँ तथा वडा समितिको गठन ।
(३) बालमैत्री नीति, रणनीति तयारीको लागि कार्ययोजना तर्जुमा ।
(४) जिल्ला विकास समिति र नगरपालिकामा बालमैत्री स्थानीय शासन सम्पर्क इकाई वा शाखाको संस्थागत प्रवन्ध ।
(५) निश्चित सूचक/मापदण्डका आधारमा नगरपालिकाको वडा र गाँउ विकास समितिको छनौट ।
(६) बालबालिकाको वस्तुगत विवरण तयारी ।
(७) बालकोषको स्थापना ।
(८) बालक्लब तथा सामुदायिक संस्थाहरुको गठन, विकास र परिचालन ।
(९) सरोकारवालाहरुको पहिचान, समन्वय र संजाल निर्माण ।
(१०) सरोकारबालाहरुबाट बालमैत्री स्थानीय शासन संचालनको प्रतिबद्धता घोषणा ।
(११) आवधिक र वार्षिक योजना तर्जुमा, लगानीको सुनिश्चितता र योजना कार्यान्वयन
(१२) बालबालिकाको स्थितिपत्र (क्तबतगक एबउभच) तर्जुमा र सार्वजनिकीकरण ।
(१३) अनुगमन, समीक्षा र मूल्याङ्कन ।
(१४) स्थानीय तहको परिषदबाट आफ्नो कुल पूंजीगत बजेटको कम्तिमा १५ प्रतिशत रकम बालबालिकाको क्षेत्रमा खर्च गर्ने प्रतिवद्धता सहितको परिषदको निर्णय ।
(१५) बालमैत्री स्थानीय शासनको न्यूनतम सेवा सूचकको निर्धारण ।
(१६) बालमैत्री गाउँ, नगर र जिल्लाको घोषणा र यसको निरन्तरता ॥

**ञ) बालमैत्री स्थानीय निकाय(तह) घोषणा गर्दा कार्यान्वयनकर्ताले ध्यान दिनु पर्ने मुख्य विषयहरु :**

- नपा, गाउंपालिकाको बालमैत्री स्थानीय शासन समन्वय समितिले प्रगति प्रतिवेदन पेश गरेको छ छैन ?
- सूचकहरु अनुगमन, मूल्यांकन गर्ने कार्यमा सम्बन्धित विषयगत निकाय, बाल क्लव, बाल सञ्जाल वा यस्तै अन्य निकायको भूमिका के छ ?
- घोषणालाई निरन्तरता दिने रणनीति तयार छ वा छैन ?
- यसको विश्वसनियता के छ ?
- बालमैत्री स्थानीय शासनलाई निरन्तरता दिने सम्बन्धमा गाउंपालिका र अन्य सरोकारवालाहरुको भूमिका के कस्तो रहने

**ट) अनुगमन विधि :**

- प्रतिवेदन अध्ययन विश्लेषणः
- स्थलगत अवलोकन तथा सर्वेक्षण भ्रमणः
- बाल क्लव, बाल सञ्जाल र बालबालिकासँग अन्तरक्रिया
- घरपरिवारमा अनुगमन
- विद्यालय अनुगमनः कम्तिमा २ प्रावि, १ निमावि, १ मावि र १ उच्च मावि
- कम्तिमा २ वटा बाल विकास केन्द्रको अवलोकन
- साझेदार संस्थाहरुसँग अन्तरक्रिया
- वडा समितिहरुसंग वैठक

**ठ) बालमैत्री स्थानीय शासनका तहगत खुड्किला सम्बन्धी विवरण :**

| क्रियाकलाप | प्रमाणका आधारहरु |
|---|---|
| बालमैत्री स्थानीय शासनको अवधारणाको अभिमुखीकरण, विकास तथा विस्तार | उपस्थिति रजिष्ट्र/विवरण, कार्यक्रम भएको मिति, स्थान, उपस्थित साझेदार संस्थाहरुको नामावली, संख्या |
| बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि गाउंपालिका तथा वडास्तरमा समितिको गठन | समिति गठन गरिएको निर्णय, समितिको वैठकको निर्णय पुस्तिका |
| बालमैत्री नीति, रणनीति तयारीको लागि कार्ययोजना तर्जुमा | कार्ययोजना गाउंपालिकाबाट स्वीकृत भएको मिति |
| गाउंपालिकामा बालमैत्री स्थानीय शासन सम्पर्क इकाई वा शाखाको संस्थागत प्रवन्ध | गाउं कार्यपालिकाबाट भएको निर्णय |
| निश्चित सूचक/मापदण्डका आधारमा गाउंपालिका छनौट, निर्णय | गाउंपालिकाको निर्णय |
| बालबालिकाको वस्तुगत विवरण तयारी | छापिएको प्रोफाइल |
| बालकोषको स्थापना | परिषद्को निर्णय र कोषको अवस्था |
| बालक्लब तथा सामुदायिक संस्थाहरुको गठन, विकास र परिचालन | जिल्ला बाल कल्याण समितिको अभिलेख, जिविस, नपा, गा.पा.को अभिलेख र प्रगति विवरण |
| सरोकारवालाहरुको पहिचान, समन्वय र संजाल निर्माण | सरोकारवालाहरुको नामावली तथा कार्यक्षेत्र र सहकार्य देखिने गरी तयार गरिएको प्रतिवेदन |
| सरोकारवालाहरुबाट बालमैत्री स्थानीय शासन संचालनको प्रतिबद्धता घोषणा | प्रतिबद्धता व्यक्त गरिएको प्रमाण |
| आवधिक र वार्षिक योजना तर्जुमा, लगानीको सुनिश्चितता र योजना कार्यान्वयन | योजना दस्तावेज |
| बालबालिकाको स्थितिपत्र तर्जुमा र सार्वजनिकीकरण | प्रकाशित पुस्तिका |
| अनुगमन, समीक्षा र मूल्याङ्कन | गाउंपालिकामा रहेको अनुगमन, समीक्षा र मूल्यांकन प्रतिवेदनहरु |
| स्थानीय तहको परिषद्बाट आफ्नो कुल पूँजीगत बजेटको कम्तिमा १५ प्रतिशत रकम बालबालिकाको क्षेत्रमा खर्च गर्ने प्रतिवद्धता सहितको परिषद्को निर्णय | परिषद्को निर्णय प्रतिलिपि |
| बालमैत्री स्थानीय शासनको न्यूनतम सेवा सूचकको निर्धारण | गा.पा.को निर्णय प्रतिलिपि |
| बालमैत्री गाउँ, नगर र जिल्लाको घोषणा र यसको निरन्तरता | परिषद्को निर्णयको प्रतिलिपी |
| बालबालिकाको लागि स्थानीय विकास योजना तयार गरिएको | • बालबालिकाको बस्तुगत विवरण (प्रोफाईल) तयारी<br>• प्रत्येक २ वर्षमा अद्यवधिक गरिएको<br>• गा.पा.को आवधिक योजना (कम्तिमा ५ वर्षको) गाविसको वार्षिक योजना<br>• बालबालिकाको लागि स्थानीय योजना (वार्षिक कार्य योजना) |
| बालबालिकाका लागि लगानी योजना तयार गरिएको | • आवधिक लगानी योजना (३ देखि ५ वर्षको): यसको नमुना लगानी योजनाको सत्रमा दिईएको छ ।<br>• वार्षिक लगानी योजना (१ वर्षको): यसको नमुना |

| | |
|---|---|
| | लगानी योजनाको सत्रमा दिईएको छ । |
| बालमैत्री नीति तथा कार्यविधिहरु तयार गरिएको | • बालमैत्री आचारसंहिता (अनिवार्य छ)<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, कार्यविधि, निर्देशिका, विनियम<br>• विद्यमान विनियम, विनियम, निर्देशिका, कार्यविधि आदिमा परिमार्जन गरी बालमैत्री बनाएको । |
| बालबालिकाको स्थितिपत्र तयार गरिएको | • बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा व्यवस्था भए वमोजिम सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेको ढाँचामा छ छैन<br>• वार्षिक रुपमा प्रकाशन गरिएको |
| न्यूनतम् सूचक निर्धारण | • बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधिमा समावेश गरिएका २७ वटा सेवा सूचक र १२ वटा संस्थागत सूचकहरुलाई न्यूनतम सूचकको रुपमा लिइएको<br>• बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरुको स्थानीयकरण (सरलीकरण) गरिएको<br>• स्थानीय अवस्था र आवश्यकता अनुसार थप सूचकहरु निर्धारण गरिएको |
| सूचक प्राप्ति | • योजनामा लक्षित सूचकहरु मध्ये सबै भनिएकोमा सत् प्रतिशत र अन्यमा सूचकमा अलग अलग न्यूनतम् ८० प्रतिशत नतिजा प्राप्त गरेको<br>• सूचक प्राप्त भए नभएको सम्बन्धमा नपा, गा.पा.ले अनुगमन गरेको (आफैं अनुगमन गरेको वा वाह्य निकायबाट अनुगमन गरिएको) |
| अनुगमनमा सहभागिता | • सम्बन्धित विषयगत निकाय<br>• बालक्लव वा बाल सञ्जाल<br>• राजनैतिक दल<br>• नपा, गा.पा. पदाधिकारी<br>• बालबालिकाको क्षेत्रमा कार्य गर्ने गैसस, विकास साझेदार, निजी क्षेत्र<br>• बालमैत्री स्थानीय शासन, नगर, गाउँ, वडा/समुदाय समिति<br>• सामुदायिक संस्था<br>• अन्य (खुलाउने) |

## ड) समन्वय र प्रतिवेदन :

(क) चौमासिक रुपमा संयुक्त अनुगमन हुन्छ वा हुँदैन ?

(ख) अनुगमनको लागि फर्मेट, चेक लिष्ट तथा प्रतिवेदन ढाँचा तयार गरिएको छ, छैन ?

(ग) अनुगमन प्रतिवेदनमा समावेश गरिएका मुद्दाहरुलाई कसरी सम्बोधन गरिएको छ र दिइएका सुझावहरु कार्यान्वयन भएका छन् वा छैनन् ? कार्यान्वयन प्रक्रिया कसरी मिलाइएको छ ?

(घ)बालमैत्री स्थानीय शासनको नतिजा प्राप्त गर्न स्थानीय तह, विषयगत कार्यालय तथा अन्य सहयोगी र साझेदार संस्थाहरु मिलेर संयुक्त रुपमा के कस्ता प्रयासहरु भएका छन् ?

(ङ)विषयगत निकाय, गैरसरकारी संस्था र अन्य साझेदार संस्थाहरुसँगको समन्वय कस्तो छ ?

**ढ) गाउंपालिका स्तरीय बालमैत्री स्थानीय शासन समन्वय समिति गठन तथा काम कर्तव्य र अधिकार : (गा.पा./न.पा.बालमैत्री स्थानीय शासन समितिको गठन विधि)**

| | |
|---|---|
| नपाका प्रमुख(पदेन) | अध्यक्ष |
| नपाका उपप्रमुख(पदेन) | उपाध्यक्ष |
| वडा अध्यक्षहरु(पदेन) | सदस्य |
| शिक्षा शाखा संयोजक(पदेन) | सदस्य |
| स्वास्थ्य शाखा संयोजक(पदेन) | सदस्य |
| महिला तथा बालबालिकाको कर्मचारी(पदेन) | सदस्य |
| नगर बाल संरक्षण तथा प्रर्वद्धन सञ्जाल संयोजक | सदस्य |
| नपा स्तरीय बाल समुह संजालका अध्यक्ष तथा उपाध्यक्ष | सदस्य |
| बालबालिकाको क्षेत्रमा कार्यरत सामाजिक संस्थाहरुबाट २ जना | सदस्य |
| सञ्चारकर्मीहरुबाट १ जना | सदस्य |
| .नपाका प्रमॅख प्रशासकिय अधिकृत(पदेन) | सदस्य सचिव |

**ण) ना.पा.स्तरीय बालमैत्री स्थानीय शासन समितिको काम कर्तव्य :**

- आफ्नो न.पा.मा बालमैत्री स्थानीय शासन सम्वन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।
- बालमैत्री स्थानीय शासन अनुकुल योजना तथा कार्यक्रम संचालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन नीति बनाई आवधिक योजनामा समावेश गराउने
- बाल मैत्री स्थानीय शासनको आवधिक प्रगति समीक्षा गरी कार्यक्रम संचालनमा देखा परेका समस्याहरु निराकरण गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धमा अनुगमन तथा मूल्यांकन गरी कार्यक्रमको सफल संचालनलाई सुनिश्चित गर्ने,
- बाल समूहहरुको विकासमा सहयोग पुर्याउने
- बालमैत्री स्थानीय शासन कार्यक्रम संचालनार्थ निश्चित प्रतिशतमा आवश्यक वित्तीय श्रोत विनियोजन गर्ने ।

**त) वडास्तरीय बालमैत्री स्थानीय शासन समितिको गठन विधि :**

| | |
|---|---|
| • वडा अध्यक्ष(पदेन) | अध्यक्ष |
| • वडा सदस्यहरु (पदेन) | सदस्य |
| • वडाका विद्यालयका प्र.अ.हरुबाट १ जना | सदस्य |
| • स्वास्थ्य चौकी प्रमुख(पदेन) | सदस्य |
| • वडास्तरीय बाल संजालबाट एक बालिका पर्ने गरी २ जना | सदस्य |
| • स्थानीय गाउं बाल संरक्षण तथा संवर्द्धन समितिबाट १ जना | सदस्य |

- वडा सचिव सदस्य सचिव

**थ) वडास्तरीय समितिको काम कर्तव्य :**

- आफ्नो ना.पा.बाट तयार बालमैत्री स्थानीय शासन सम्वन्धी नीति कार्यान्वयन गर्ने ।
- बालमैत्री स्थानीय शासन सम्वन्धी कार्यक्रम सचालन गरी सेवा प्रवाहमा सहयोग पुर्याउने
- बालमैत्री स्थानीय शासनको अवधारणालाई समूदायस्तर सम्म पुर्याउन प्रवर्द्धनात्मक कार्यहरु गर्ने
- बाल समूहहरुको विकास र प्रवर्द्धनमा सहयोग पुर्याउने ।
- वार्षिक कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने ।
- उपलब्धीहरुको समीक्षा गर्ने ।
- प्रतिवेदन नगरंपालिकालाई उपलब्ध गराउने ।

**द) बालमैत्री स्थानीय शासन एकाईमा राखिने फाइलका दस्तावेजहरुको रुजुसूचि**

| **फाइलको नाम** | **राख्ने सामग्रीहरुको विवरण** |
|---|---|
| बलबचाउ | १) पूर्णखोपको घोषणा अभिलेख, प्रमाणपत्र, फोटोहरु<br>२) पूर्ण संस्थागत सुत्केरी घोषणा अभिलेख, प्रमाणपत्र, फोटोहरु<br>३) पूर्ण सरसफाई सम्बनिअभिलेख, प्रमाणपत्र, फोटोहरु |
| बाल संरक्षण | १)विद्यालयमा बालअधिकार संरक्षण समिति गठन, काम कर्तव्य तथा बाल सुरक्षा नीति कार्यान्वयन कार्यविधि २०७६ र परिपत्रहरु,<br>२) विद्यालयमा सो को कार्यान्वयनको प्रमाण, निर्णय तथा कार्यान्वयनका प्रमाणहरु ।<br>३) न.पा.को बाल संरक्षण नीति, बाल संरक्षण समिति गठन तथा नामावली विवरण ।<br>४) बाल संरक्षणका विषयमा भएका कार्यक्रमका प्रमाणहरु<br>५) जन्मदर्ता विवरण । |
| बालविकास | १) दिवा खाजा कार्यक्रमको प्रमाण<br>२) शत प्रतिशत भर्ना घोषणा विधि र घोषणा<br>३) स.का.लाई गरिएको तालीमको दस्तावेज<br>४) अतिरिक्त क्रियाकलापको बार्षिक कार्ययोजना र समितिबाट पारित कार्यन्वयनको अवस्था |
| बाल सहभागिता | १) वडामा बालक्लबको दर्ता विवरण, दर्ता प्रमाणपत्रको नमूना ।<br>२) बालभेलाहरुको माइन्युट,प्रतिवेदन<br>२) वडा तथा गाउं बाल सन्जालको नामावलीविवरण<br>३) बि.व्य.स.तथा स्वाथ्य ब्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व सम्बन्धीः<br>क) गा.पा.ले विद्यालय तथा स्वास्थ्य ब्यवस्थापन समितिमा गरेको परिपत्रको नमूना<br>ख) विद्यालयले बालक्लबलाई प्रतिनिधि पठाउने बारे लेखेको पत्रको नमूना<br>ग) बालक्लबले विद्यालयलाई परिपत्र पठाएको जानकारी पत्रको नमूना ।<br>**४) समुदाय तथा विद्यालयमा आधारित बालक्लबहरुको बिस्तृत विवरण**<br>५) विद्यालय तथा स्वास्थ्य संस्थाको बैठकमा बाल प्रतिनिधि सहभागी भएको माइन्यूट |

| | |
|---|---|
| | ६) वडा/नगरंपालिकाले योजना छनौट प्रक्रियामा बालबालिकालाई सहभागी बनाएको प्रमाण ।<br>७) बालक्लब संजालका माइन्युटहरु (नियमितताको अनुगमनका लागि)<br>८) बालक्लब संचालन सम्बन्धी कार्यविधि । पारित गरे पछि मात्र  दर्ताको प्रक्रिया |
| संस्थागतविकास | १) न.पा.लाई बालमैत्री स्थानीयशासनअवलम्वनगर्न गरेको निर्णय क) बालमैत्री स्थानीयशासनको अवधारणाको अभिमुखीकरण गरेको हाजिरी र निर्णय, सहजकर्ता खुलेको<br>२) न.पा.को सो सम्बन्धी प्रतिवद्धता खुलेको नीति तथा कार्यक्रम<br>४) आचारसंहिताहरु र त्यसको प्रकाशन ।<br>५) बालबालिकाको बस्तुस्थिती विवरण<br>६) लगानी योजना ।<br>७) स्थानीय सामुदायिक संस्थाहरुको विवरण<br>८) बालविकास तथापूर्वप्राथमिककक्षाहरु संचालनभएको ।<br>९) वडामा बालक्लबको दर्ता विवरण, दर्ता प्रमाणपत्रको नमूना ।<br>१०) बालभेलाहरुको माइन्युट,प्रतिवेदन<br>११) वडा तथागाउं बाल सञ्जालको नामावलीविवरण<br>१२) बि.व्य.स.तथा स्वाथ्यब्यवस्थापन समितिमाबालक्लबको प्रतिनिधित्व सम्बन्धी :<br>१३) विद्यालयतथा स्वास्थ्य संस्थाको बैठकमा बालप्रतिनिधि सहभागीभएको माइन्यूट<br>१४) वडा/नगरपालिकाले योजना छनौट प्रक्रियामा बालबालिकालाई सहभागीबनाएको प्रमाण । |
| बालमैत्री स्थानीयशासनको अवधारणाको अभिमुखीकरण, विकास तथाविस्तार । | १) बालमैत्री स्थानीयशासन सम्बन्धी सबै सरोकारवालाहरुलाई गरेको अभिमुखीकरणका प्रमाणहरु । (कहिले ?कसलाई ?के सामग्री?कतिदिन?कसले ?कतिजना सहभागी?) |
| बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि जिल्ला, नगर, वडा समितिको गठन । | १) नगर तथा वडा बालमैत्री स्थानीयशासन समितिको गठन माइन्युट तथानामावली । |
| बालमैत्री नीति, रणनीति तयारीको लागि कार्ययोजना तर्जुमा । | १) नीतितथाकार्यक्रमको सो सम्बन्धीअंश<br>२) सूचकहरु<br>३) बालक्लब संचालनकार्यविधि<br>४) बाल संरक्षण नीति(विद्यालय)<br>५) बाल संरक्षण नीति (गा.पा.)<br>६) रणनीतिक योजनानिर्माण, लगानी योजनानिर्माणको लागि राखिएको कार्ययोजना<br>७) न.पा.काबालमैत्री सम्बन्धीअन्यनियमहरु । |

| | |
|---|---|
| स्थानीयतहमाबालमैत्री स्थानीयशासन सम्पर्क इकाई वाशाखाको संस्थागतप्रवन्ध । | १) एकाई खोल्ने निर्णय । क) बालमैत्री स्थानीयशासन सम्पर्क इकाई बोर्ड<br>२) एकाई सम्पर्क ब्यक्तिको नियुक्तिवाअधिकार पत्र<br>३)एकाईको ब्यवस्थापनकालागिभएकाअन्य निर्णय |
| बालबालिकाको वस्तुगत विवरण तयारी । | १) सो सम्बन्धीगरिएका निर्णयहरु ।<br>२) बस्तुस्थितीविवरण संकलनकालागिप्रयोग गरिएका सामग्रीहरु<br>३) बस्तुस्थितिविवरण पुस्तिका ।<br>४) त्यसको सार्वजनिकीकरणको प्रमाण । |
| बालकोषको स्थापना | १) सो सम्बन्धीगरिएको निर्णय ।<br>२) सो सम्बन्धीकार्यविधि ।<br>३) बैकमा रकम रहेको प्रमाण । |
| बालक्लबतथा सामुदायिक संस्थाहरुको गठन, विकास र परिचालन । | १) बालक्लब आवद्धता प्रणालीका प्रमाणहरु,<br>२) बालक्लबकानामहरु<br>२) बाल संरक्षण समितिको सञ्जालीकरण |
| सरोकारवालाहरुको पहिचान, समन्वय र संजालनिर्माण । | सरोकारवालाहरुको सञ्जालीकरणको प्रमाण । दिएको जिम्मेवरी,कार्ययोजना र प्रगतिहरुको दस्तावेज जस्तै बालश्रम मुक्त उद्योग स्टिकर फोटा |
| सरोकारबालाहरुबाट बालमैत्रीस्थानीयशासन संचालनको प्रतिबद्धता घोषणा । | १) हाजिरी र प्रतिवद्धता पत्रहरु ।<br>२) घोषणाको प्रमाणहरु |
| आवधिक र वार्षिक योजनातर्जुमा, लगानीको सुनिश्चितता र योजनाकार्यान्वयन | १) लगानी योजना ।<br>२) लगानि योजना निर्माण गर्दा सहभागीहरुको सुनिश्चितता |
| बालबालिकाको स्थितिपत्र तर्जुमा र सार्वजनिकीकरण । | १) सार्वजनिकगरिएको दिनको फोटो र बालबालिकाको बस्तुस्थिति तथा स्थिति पत्रहरु। |
| अनुगमन, समीक्षा र मूल्याङ्कन । | १)बालमैत्री समितिकका बैठकका निर्णयहरु<br>२) बालमैत्रीविद्यालयमूल्यकनफारम |
| स्थानीयतहको सभाबाट आफ्नो कुल पूंजीगत बजेटको कम्तिमा १५ प्रतिशत रकमबालबालिकाको क्षेत्रमाखर्च गर्ने प्रतिवद्धता सहितको परिषदको निर्णय | १) बालबालिकाको लागिविनियोजनगरिएको वार्षिक बजेट ।<br>२) बार्षिक खर्चको प्रगति स्थितीहरु सबै बर्षको |
| बालमैत्री स्थानीयशासनको न्यूनतम सेवा सूचकको निर्धारण । | न.पा.ले बालमैत्री स्थानीयशासनको न्यूनतम सेवा सूचक र त्यसको परिभाषाखुलेको प्रमाणित दस्तावेज । |
| बालमैत्री वडा, गाउँ, नगरको घोषणा र यसको निरन्तरता ॥ | १) घोषणाको मितिखुलेको प्रतिवद्धता पत्र ।<br>२) दीगोपनाको लागि रणनीतिक योजनानिर्माण भएको ।<br>३) घोषणाको प्रमाण । |

**५) नगरपालिकामा हालसम्म भएका बालमैत्री स्थानीय शासन सम्बद्ध क्रियाकलापहरु :**

- नगरपालिकामा बालमैत्री स्थानीय शासन सम्पर्क इकाई वा शाखाको संस्थागत प्रवन्ध
- बाल क्लब तथा सामुदायिक संस्थाहरुको गठन, विकास र परिचालन ।

- सरोकारवालाहरुको पहिचान, समन्वय र संजाल निर्माण ।
- ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएको हुनुपर्ने, उपलव्धता
- १ वर्षभित्रका बालबालिकाले पूर्ण रुपमा खोप - बि. सि. जि. ,डिपिटी, हेपटाइटिस बि, हिब ३, पोलियो, दादुरा, मात्रा) पाएको हुनुपर्ने, पूर्ण खोप भएको त्यसको सुनिश्चितता भैरहेको
- ६ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल र २ देखि ५ वर्ष सम्मका बालबालिकालाई जुकाको औषधी खुवाएको हुनुपर्ने १०० प्रतिशत
- गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको हुनुपर्ने, घोषणा अवधि सम्म सम्पन्न हुने ३ वटा वडा घोषणा अन्य प्रक्रियामा रहेको
- गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने, ब्ल्क्ष्ृ भएको एल्क्ष्ृ को लागि प्रयास जारी
- गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको हुनुपर्ने, उपलव्ध रहेको
- गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनुपर्ने । उपलव्ध रहेको
- एच् आई भी संक्रमित आमावाट जन्मिएका सबै बालबालिकाहरुलाई ब्च्ख एचयउजथबिहष्क  दिएको हुनुपर्ने । १०० प्रतिशत
- सबै घरधुरीमा खानेपानीको सुविधा हुनु पर्ने । ध्बकज एबिल वन्दै
- सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुनुपर्ने (चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिसा धोए पछि) । निरन्तर
- ४ वर्ष सम्मका बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनुपर्ने,  भएको
- कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका सत्प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका हुनुपर्ने, भएको निरन्तर
- ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएका हुनुपर्ने । भएको
- औपचारिक शिक्षाबाट वंचित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हुनुपर्ने । नियमित कार्यक्रममा नभएको आवश्यकता अनुसार सम्पनन हुने
- प्रत्येक विद्यालयमा छात्र छात्रा को लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनुपर्ने । आँशिक रुपमा रहेको
- प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्वन्धी कार्यक्रम संचालन गरेको हुनुपर्ने ।  भएको

**६) सहभागीहरुबाट बर्दघाट नगरपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयनका सन्दर्भमा निम्न अनुसार बलियो पक्ष, कमजोर पक्ष, अवसर तथा बाधाहरु (SWOT) पहिचान भयो ।**

**सवल पक्ष :**

- सबै वडामा स्वास्थ्य सुविधाको पहुच ।
- भैगोलिक हिसाबले सहज ।
- सबै समितिमा बालक्लबको सहभागीता ।
- प्रा.वि.तहमा विद्यार्थीलाई दिवाखाजाको ब्यबस्था भएको ।
- विद्यालय स्तरिय बालक्लब गठन भएको ।
- प्रत्येक विद्यालयमा बालमैत्री सौचालय तथा सेनेटरी प्याडको ब्यवस्था
- पुर्णखोप नगरपालिका घोषणा ,

- जनप्रतिनिधि द्धारा अभिभावकत्व ग्रहण ,
- विद्यालयतहमा बालकोष खडा गरिएको ।
    - १००० दिनका आमालाई पोषण भत्ताको व्यबस्था गरिएको ।
    - सुनौला १००० दिनका कार्यक्रम संचालन भएको ।
    - बालविकासका सहजकर्ताहरुलाई थप पारिश्रमिकको व्यबस्था गरिएको ।
    - सुत्केरीहरुलाई निःशुक एम्बुलेन्स सेवा ।
    - बलबालिकासंग मेयर कार्यक्रम ।
    - बालक्लब कार्यक्रम संचालन भईरहेको ।
    - बाल उद्यान निर्माण हुदै ।
    - म.स्व.स्व.से. प्रोत्सहान कार्यक्रम

**कमजोर पक्ष :**

- सरोकारवालाहरुसंग कामको समीक्षा नभएको ।
- अनुगमन तथा सुपरिवेक्षण नभएको ।
- सुचना प्रबाहमा कमी ।
- बालक्लब गठन तथा सुचिकृत नभएको ।
- बालक्लब संचालन कार्यविधि नबनाईएको
- बालबालिकाको अर्थपुर्ण सहभागीता नभएको ।
- सबै सरोबारवला निकायहरुसंग समन्वय सहकार्य नगराएको ।
- तथ्यांक संकलन,विश्लेषण र योजना निर्माणको काम नगरिएको ।

**अवसर पक्ष :**

- प्रदेशले निति तथा कार्यक्रम ल्याउनु ।
- सुचक पुरागर्न सहयोगी संस्थाहरुले काम गरिरहनु ।
- सिक्ने क्षेत्र नजिक हुनु सुनवल
- संचार माध्यमबाट गरिएका सचेतनात्मक कार्यक्रम भन्छिन आमा, साथीसंग मनका कुरा प्रसारण भईरहेको ।
- प्रदेश,केन्द्रसम्म बालबालिकाको प्रतिनिधित्व सुनिश्चित भएको ।
- दातृ निकायको सहयोग र समन्वय ।
- घोषणा सुचकको स्पष्टता ।
- बाल इजलासको व्यबस्थापन ।
- जिल्लाका केही नगरहरु बालमैत्री घोषणा भएको ।

**अवसर पक्ष :**

- १५ प्रतिशत पुंजिगत बजेट बालबालिकाको निम्ति छुट्याउने बाध्यकारी निर्देशन ।
- संचार माध्यमबाट गरिएका सचेतनात्मक कार्यक्रम भन्छिन आमा, साथीसंग मनका कुरा प्रसारण भईरहेको ।
- प्रदेश,केन्द्रसम्म बालबालिकाको प्रतिनिधित्व सुनिश्चित भएको ।
- दातृ निकायको सहयोग र समन्वय ।
- घोषणा सुचकको स्पष्टता ।
- बाल इजलासको व्यबस्थापन ।

**बाधा पक्ष :**

- नीति निर्माण स्पष्ट रुपमा नभएको जस्तै बालबालिका वि.ब्य.स.मा सदस्य रहने व्यबस्था ।
- प्रदेश ले बालमैत्री स्थानिय शासनलाई प्रथमिकतामा नपारेको ।
- बालमैत्री स्थानिय शासन कार्यविधि २०६८ पुरानै हुनु ।
- कतिपय कानुनको अभाव र कार्यन्वयनमा समस्या - बहुविबाह,बालविबाह
- खुल्ला सिमाना हुनु ।

**कमजोर पक्ष :**

- सरोकारवालाहरुसंग कामको समीक्षा नभएको ।
- अनुगमन तथा सुपरिवेक्षण नभएको ।
- सुचना प्रबाहमा कमी ।
- बालक्लब गठन तथा सुचिकृत नभएको ।
- बालक्लब संचालन कार्यविधि नबनाईएको
- बालबालिकाको अर्थपुर्ण सहभागीता नभएको ।
- सबै सरोबारवला निकायहरुसंग समन्वय सहकार्य नगराएको ।
- तथ्यांक संकलन,विश्लेषण र योजना निर्माणको काम नगरिएको ।

## ६) बालमैत्री स्थानीय शासन कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि तयार गरिएको

**सहभागितामूलक कार्ययोजना :**

| क्र.स. | क्रियाकलापको नाम | परिमाण | कार्य थालनी मिति | अनुमानित रकम | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | आचारसंहिता तथा सूचकहरु पास गर्ने तथा छपाई, एवं होर्डिङबोर्ड निर्माण गर्ने | १ | १ महिना भित्र | १,८०,०००।०० | सम्पर्क व्यक्ति |
| २ | कार्यदल गठन | १ | १ महिना भित्र | नपर्ने | मूल समिति |
| ३ | इकाई ब्यबस्थापन | १ | १ महिना भित्र | ५००००।०० | कार्यपालिका |
| ४ | बालक्लब संचालन कार्यविधि तयारी र पास | १ | १ महिना भित्र | नपर्ने | कार्यपालिका |
| ५ | बालसंरण नीति निर्माण तथा कार्यान्वयन | १ | १ महिना भित्र | ५०,०००।०० | कार्यपालिका |
| ६ | बालबालिकाको प्रोफाईल तयारी | १६ वडा | ६ महिना भित्र | १५,०००००।०० | कार्यपालिका |
| ७ | वडास्तरिय बालमैत्री अभिमुखिकरण तथा समिति गठन | १६ वडा | ३ महिना भित्र | ३०००००।०० | कार्यदल |
| ८ | सरोकारवालाहरुको पहिचान र विश्लेषण | १ | ३ महिना भित्र | ५००००।०० | कार्यदल |
| ९ | बालमैत्री नगर समिति, वडा समिति तथा कार्यदल बैठक | १७ | द्वैमासिक | ३०००००।०० | कार्यदल |
| १० | अनुगमन | ३ | नियमित | १०००००।०० | मूल समिति |
| **बचाउ (स्वास्थ्य शाखा)** | | | | | |
| १ | संस्थागत सुत्केरी घोषणा तथा निरन्तरताको लागि बर्थिङसेन्टरको स्थापना | ४ | २०७७ सम्म | ३० लाख | स्वास्थ्य शाखा |
| २ | गर्भवति जाँच ४ पटक बृद्धि गर्न नर्सिङ स्टापलाई फिल्डमा गई सेवा दिन प्रोत्साहन गर्ने | १६ | २०७६ फाल्गुणबाटै | १०००००।०० | स्वास्थ्य शाखा |
| ३ | सुत्केरी जाँच ३ पटकबृद्धि गर्न नर्सिङ स्टापलाई फिल्डमा गई सेवा दिन प्रोत्साहन गर्ने | १६ | २०७६ फाल्गुणबाटै | ४०००००।०० | स्वास्थ्य शाखा |
| ४ | नियमित तौललिन स्वास्थ्य कर्मिलाई खाजा तथा यातायात | १६ | २०७६ फाल्गुणबाटै | ४०००००।०० | स्वास्थ्य शाखा |
| ५ | HIV डिटरमान्ड किट खरिद | १५०० | २०७६ फाल्गुणबाटै | १५००००।०० | स्वास्थ्य शाखा |
| ६ | बर्थिङसेन्टरमा आउने सेवाग्राही तथा कुरुवालाई खानाको ब्यबस्था | ६० | २०७६ चैत्रबाटै | २०००००।०० | स्वास्थ्य शाखा |
| ७ | सबै स्वास्थ्य कर्मिलाई बालमैत्री स्थानिय शासन अभिमुखिकरण | ६० | २०७६ चैत्रसम्म | २०००००।०० | स्वास्थ्य शाखा |
| ८ | सबै FCHV समिति लाई बालमैत्री स्थानिय शासन अभिमुखिकरण | २०० | २०७७ श्रावणसम्म | २०००००।०० | स्वास्थ्य शाखा |
| ९ | स्वास्थ्य संस्थाहरुमा करेशाबारी निर्माण | ७ | २०७७ | १५००००।०० | स्वास्थ्य शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | श्रावणसम्म | | |
| १० | स्वास्थ्य संस्थामा स्तनपान कक्षा निर्माण | ७ | २०७७ श्रावणसम्म | १५००००।०० | स्वास्थ्य शाखा |
| संरक्षण(महिला बालबालिका शाखा) | | | | | |
| १ | जन्म दर्ता अभियान संचालन गर्ने | १६ | २०७६ फाल्गुणबाट | २ लाख | वडा सचिव |
| २ | सरोकारवलाहरुसंग बालमैत्री स्थानिय शासन सम्बन्धि अभिमुखिकरण | १६ | २०७७ बैषाखबाट | ३ लाख | महिला बा.बा. शाखा |
| ३ | बालश्रम सम्बन्धि सचेतना कार्यक्रम | नगरस्तरिय | २०७६ चैत्रमा | ४ लाख | महिला बा.बा. शाखा |
| ४ | वडा स्तरिय बाल संरक्षण समिति गठन | नगर,वडाहरु | २०७७ बैषाखबाट | १ लाख | महिला बा.बा. शाखा |
| ५ | हिंशा न्यूनिकरण सम्बन्धि सचेतना कार्यक्रम | सबै वडामा | २०७७ जेष्ठबाट | २ लाख ५० हजार | महिला बा.बा. शाखा |
| ६ | बालकोष स्थापना | नगर स्तरिय | फाल्गुण २०७६ | १ लाख | न.का.पा. |

## बिकास(शिक्षा शाखा)

| क्र.सं. | सूचांक | सूचांक / क्रियाकलापको नाम | परिमाण | कार्य थालनी मिति | अनुमानित रकम | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १ | ४ वर्ष सम्मका बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनुपर्ने | ▪ सघन घर दैलो भर्ना अभियान: १ दिने अभिमुखीकरण गर्ने (स्थानीय विद्यालय तथा संघ सस्थाहरु, जनप्रतिनिधिहरु, स्वास्थ्य स्वयमसेविका, अभिभभावक)<br>▪ १६ वडामा १।१ दिने अभिमुखीकरण (२५ जना प्रति वडा)<br>▪ घर दैलो कार्यक्रम -आ आफ्नो टोल छिमेकमा)<br>कार्य योजना -क्षेत्र बाड्ने) | १ पटक (१०० जना)<br>१ पटक<br>निरन्तर<br>निरन्तर | २०७६।१२।२५<br>२०७६।१२।२६<br>२०७७।०१।०२<br>२०७७।०१।०२ | रु. ५०,०००।<br>रु. ६०,०००।<br>रु. ५०,०००।<br>X | न. पा.<br>न.पा.<br>न.पा. वडा<br>वडा |
| २ | कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका सत्प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका हुनुपर्ने | ▪ घर दैलो भर्ना अभियान<br>▪ वडा तहबाट घर दैलो<br>▪ नियमित सुपरीवेक्षण | १ पटक<br>१ पटक<br>निरन्तर | २०७६।१२।२५<br>२०७६।१२।२६<br>२०७७।०१।०२ | X<br>X<br>५०,०००। | न. पा. वडा<br>न. पा. वडा<br>न. पा. वडा, वि.व्य.स. अभिभावक |
| ३ | ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा ( १ देखि कक्षा ८ सम्म) पाएका हुनुपर्ने | ▪ बालमैत्री शिक्षण विधिको प्रयोग<br>▪ Continuous Assessment System को प्रयोग<br>▪ शिक्षक तथा विद्यार्थीहरुको नियमित उपस्थितिमा सुनिश्चितता<br>▪ विद्यालयको नियमित सुपरीवेक्षण | निरन्तर<br>निरन्तर<br>निरन्तर<br>निरन्तर | निरन्तर<br>निरन्तर<br>शैक्षिक शत्रको सुरुदेखि<br>निरन्तर | X<br>X<br>X<br>X | प्र.अ. र शिक्षकहरु<br>प्र.अ. र शिक्षकहरु<br>न.पा. वि.व्य.स.<br>न.पा. वि.व्य.स. |
| ४ | औपचारिक शिक्षाबाट वंचित | ▪ वडाबाट औपचारिक शिक्षाबाट कक्षा | निरन्तर | २०७७।०१।०२ | १०००००। | विद्यालय र वडा |

| क्र.सं. | सूचांक | सूचांक / क्रियाकलापको नाम | परिमाण | कार्य थालनी मिति | अनुमानित रकम | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| | बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हुनुपर्ने | छोड्ने विद्यार्थीहरुको डाटा संकलन<br>■ उपयुक्त स्थानमा अनौपचारिक शिक्षाका कक्षा सञ्चालन | निरन्तर | शैक्षिक शत्रको सुरुदेखि | २०००००। | न.पा. वडा |
| ५ | प्रत्येक विद्यालयमा छात्र छात्रा को लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनुपर्ने | ■ विद्यालयमा सौचालयको अवस्था पहिचान<br>सौचालयको संख्या निर्धारण र निर्माण | १ पटक<br>६ ओटा | २०७७।०१।०२<br>२०७७।०४।१० | ३०,०००।<br>४२,०००००। | न.पा, वडा<br>न.पा. |
| ६ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्वन्धी कार्यक्रम संचालन गरेको हुनुपर्ने | ■ नगरस्तरीय शैक्षिक क्यालेण्डर निर्माण<br>सबै विद्यालयलाइ वितरण | १ ओटा<br>५८ विद्यालय | २०७६।११।०२<br>२०७६।१२।२७ | १००,०००<br>X | न.पा र विद्यालय<br>न.पा. |
| ७ | आधारभूत शिक्षाको लैंगिक समता सूचांक (सहजै देखिने भर्ना दर) | विद्यालय तथा कक्षागत विद्यार्थी भर्नाको तथ्यांक संकलन | १ | २०७७।०२।०७ | X | न.पा, विद्यालय |
| ८ | प्र.अ. र शिक्षक अभिमुखीकरण | ■ सामुदायिक विद्यालयबाट १ जना प्र.अ. र १ शिक्षकलाइ आमन्त्रण<br>न.पा.मा अभिमुखीकरण सञ्चालन | १ पटक<br>१ पटक (७० जना) | २०७६।१२।०५<br>२०७६।१२।०८ | X<br>५०,००० | न.पा<br>न.पा. |
| ९ | बालक्लब गठन तथा अभिमुखीकरण | ■ प्रत्येक विद्यालयमा बाल क्लब गठन<br>बाल क्लबलाइ अभिमुखीकरण (सम्बन्धित विद्यालयमा) | १ पटक<br>१ पटक | २०७६।११।१०<br>२०७६।१२।१० | X<br>१००,०००। | न.पा. र विद्यालय<br>न.पा. प्र.अ.र शिक्षक |
| १० | सेनेटरी प्याड वितरण तथा व्यवस्थापन | ■ किशोर अवस्थाका महिनावारी हुने उमेर समूहका छात्राको नामावली संकलन<br>■ छात्राको संख्याको आधारमा बजेट विद्यालयको खातामा निकासा<br>■ विद्यालयबाट खरीद तथा सम्पर्क | १ पटक<br>३ पटक | शैक्षिक शत्रको सुरुमा<br>चौमासिकरुपमा | X<br>केन्द्रको बजेटबबाट<br>X | न.पा र विद्यालय<br>न.पा. |

| क्र.सं. | सूचांक | सूचांक / क्रियाकलापको नाम | परिमाण | कार्य थालनी मिति | अनुमानित रकम | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| | | व्यक्तिमार्फत सेनेटरी प्याडको उपलब्धता | मासिक | मासिक | | विद्यालय |
| ११ | बालमैत्री विद्यालय घोषणा | ▪ सूचकको आधारमा विद्यालयको तथ्यांक संकलन तथा विश्लेषण<br>मापदण्ड पूरा गरेका विद्यालयलाइ बालमैत्री विद्यालय घोषणा | १ पटक<br>१५ ओटा | २०७७।०२।१२<br>२०७७।०४।१० | X<br>X | न.पा.<br>न.पा. |
| १२ | विद्यालय नमूना करेसाबारी प्रवर्द्धन | एक विद्यालय एक करेसाबारी | १ ओटा | २०७६ फाल्गुण | १५०,०००। | न.पा. |
| १३ | विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबलाइ आमन्त्रण गर्ने | ▪ नगरपालिकाले सवै विद्यालयहरुलाइ वि.व्य.स.को बैठकमा बालक्लबका २ जना सदस्यलाइ अनिवार्य आमन्त्रण गर्न पत्राचार गर्ने<br>▪ विद्यालयबाट बैठकमा आमन्त्रण भएपश्यात बालक्लबले छलफल र निर्णय गरी प्रतिनिधि पठाउने<br>विद्यालय र बालक्लबले बैठकको अभिलेख राख्ने | १ पटक<br>बैठकको समयमा<br>बैठक भएको अवस्थामा | २०७६ फाल्गुणको पहिलो हप्ता<br>आमन्त्रणको समय<br>बैठकको समय | X<br>X<br>X | शिक्षा, युवा तथा खेलकुद शाखा<br>विद्यालय<br>विद्यालय, बालक्लब |

**बाल सहभागिता प्रवर्द्धनः**

| क्र. स | क्रियाकलापको नाम | परिमाण | कार्य थालनी मिति | कार्य सम्पन्न मिति | अनुमानित रकम | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १ | समुदाय तथा टोल स्तरमा वाल क्लव गठन गर्ने | १६० | ०७६।१०।२० | ०७६।१२।३० | १६०००० | वडा समिति। टोल विकास सँस्था |
| २ | विद्यालय स्तरमा वाल क्लव गठन गर्ने | ३५ | ०७६।१०।२० | ०७६।१२।३० | ३५००० | विद्यालय |
| ३ | वडा स्तरमा वाल सञ्जाल गठन गर्नै | १६ | ०७७।१।१ | ०७७।१।१० | १६०००० | वडा समिति |
| ४ | नगर स्तरिय वाल सञ्जाल गठन गर्ने | १ | ०७७।१।११ | ०७७।१।११ | १०००० | नगरपालिका |
| ५ | विद्यालय व्यवस्थापन समितिको वैठकमा विद्यालय स्तरिय वाल क्लव बाट १ जना वालक र १ जना वालिकालाई आमन्त्रीत सदस्यको रुपमा प्रतिनीधित्व गराउनको लागि विद्यालयहरुलाई पत्राचार गर्ने | | ०७६।१२।३० | ०७६।१२।३० | | शिक्षा शाखा |
| ६ | टोल स्तरिय योजना तर्जुमा वैठकमा टोल स्तरिय वाल क्लवकबाट १ जना वालक र १ जना वालिकालाई सहभागिता गराउन टोल विकास समितिलाई पत्राचार गर्ने | | ०७६।१२।३० | ०७६।१२।३० | | नगरपालिका |
| ७ | वडा स्तरिय योजना तर्जुमा वैठकमा १ जना वालक र १ जना वालिका वडा स्तरिय वाल क्लवबाट आमन्त्रीत सदस्यको रुपमा सहभागि गराउन सवै वडालाई पत्राचार गराउन पत्राचार | | ०७६।१२।३० | ०७६।१२।३० | | नगरपालिका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्ने | | | | | |
| ८ | स्वास्थ्य व्यवस्थापन समितिमा वडा स्तरीय वाल क्लवबाट १ जना वालक र १ जना वालिका वडा स्तरिय वाल क्लवबाट आमन्त्रीत सदस्यको रुपमा सहभागिता गराउन स्वास्थ्य व्यवस्थापन समितिलाई जानकारी गराउने | | ०७६।१२।३० | ०७६।१२।३० | | नगरपालिका |
| ९ | नगर स्तरिय योजना तर्जुमा वैठकमा नगर सञ्जालका १ जना वालक र १ जना वालिकालाई आमन्त्रित सदस्यको रुपमा सहभागि गराउने व्यवस्था मिलाउने | | ०७७ वैशाख | ०७७ वैशाख | | नगरपालिका |